नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति
## तरकारी तथा फलफूल बजार अनुगमन

काठमाडौं, भाद्र ४ ।

विगत केही समयदेखि काठमाडौं उपत्यकाभित्र तरकारी तथा फलफूलको मूल्य अस्वाभाविक रुपमा बढीरहेको भन्ने गुनासो प्राप्त भएको आधारमा आज मिति २०७५/५/४ गते विहान ३.०० बजे काठमाडौंस्थित कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति परिसरमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग र उपभोक्ता हितकर्मीहरुको टोलीले छापामारी अनियमित कार्य गरी मूल्यबृद्धि गरेको आशंकामा एकजना ट्रक चालकलाई नियन्त्रणमा लिई आवश्यक कारवाही अगाडी बढाइएको र सो क्रममा सो बजार विकास समितिमा पसल कवल गरी बसेका केही अवाञ्छित तत्वहरुले अनुगमन टोलीविरुद्ध हुलहुज्जत गर्ने प्रयास गरेकोमा प्रहरी कर्मचारीहरुको सहयोगमा निजहरुलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको प्रक्रिया अघि बढाइएको छ । अनुगमनको क्रममा अवरोध देखिएपछि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री मात्रिका प्रसाद यादवज्यूको नेतृत्वमा मन्त्रालयका सचिव श्री चन्द्र कुमार घिमिरे, सहसचिव तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक लगायतका टोलिले स्थलगत निरीक्षण समेत गरेको थियो । सो क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री मातृका प्रसाद यादवज्यूले जनताको भान्सासम्म पुग्ने तरकारीको सिन्डिकेट अन्त्य गर्न सरकार कडाईका साथ लागेको र यस अभियानमा सहयोग पुऱ्याउन सबैलाई आग्रह गर्नुभयो । साथै किसानलाई कम मूल्य दिई उपभोक्तालाई बढी मूल्य लिने बिचौलिया नियन्त्रण गरी तरकारीको उत्पादक र उपभोक्ताको वीचको दुरी न्यून गर्न नियमित अनुगमन गरीने समेत बताउनुभयो ।

मिति: २०७५/०५/०४

(नवराज ढकाल)
सहसचिव एवं प्रबक्ता